हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १८६ पृष्ठ : ४ २०७७ माघ २४ गते शनिबार (Saturday 06 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

### राजनीतिक भविष्य कमजोर पार्न पार्टी छोड्ने अपवाह फैलाईंदैछ : राजकिशोर यादव

## ‘जसपा मैले बनाएको घर हो, भोकै भएपनि यसमै बस्छु’

जनता समाजवादी पार्टी (जसपा) का नेता तथा विघटित प्रतिनिधिसभाका सदस्य राजकिशोर यादवले आफ्नो राजनीतिक भविष्य कमजोर पार्न हल्ला फैलाइएको बताएका छन् ।

नेता यादवले आफ्नाबारे अपवाह फैलाउन गलत मनसायले केही सञ्चारमाध्यममा सुनियोजित रूपमा समाचार प्रकाशन भएको गुनासो गरेका हुन् ।

उनले आफू जसपा छाडेर नेकपा प्रवेश गर्नेबारे समाचार आएको भन्दै आश्चर्य व्यक्त गरे । सञ्चारमाध्यममा आएका यस्ता समाचारमा कुनै सत्यता नभएको उनले स्पष्ट पारेका छन् ।

‘मसहित केही नेताहरू नेकपा प्रवेश गर्ने भन्नेबारे समाचार पढ्दा म आफैं अचम्मित भएको छु,’ उनले भने, ‘यो निराधार र कपोलकल्पित समाचार हो, यसमा कुनै सत्यता छैन ।’ यस्ता निराधार र तथ्यहीन हल्ला फैलाउन मधेश विरोधीहरू सक्रिय रहेको पनि उनको दावी छ ।

भ्रमपूर्ण समाचारले आफू र पार्टीलाई कमजोर बनाउने उद्देश्य रहे पनि विचलित नहुने उनले बताए । ‘नेकपामा प्रवेश गर्ने कुरा कसरी आयो, यो मेरो राजनीतिक करियर र पार्टी कमजोर बनाउन फैलाइएको अपवाहबाहेक अरू केही होइन ।’



## प्रदेश २ : प्राधिकरणमा यादव, काउन्सिलमा भट्टराई र बोर्डमा मोरबैता नियुक्त

प्रदेश २ सरकारले आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र विकास बोर्डको अध्यक्ष पदमा नियुक्त गरेको छ ।

शुक्रबार विहान बसेको प्रदेश मन्त्रीपरिषद्को बैठकले प्राधिकरणका अध्यक्षमा श्यामसुन्दर यादव, मिडिया

बाँकी २ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.२०,०००।- सम्मको बम्पर छुट ।
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :-
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

## एपोलो ॐ माध्यमिक विद्यालय २५ औ वर्षमा प्रवेश

**फिरोज शेख**

सिरहाको लहान नगरपालिका-७ मा अवस्थित एपोलो ॐ माध्यमिक विद्यालयले २४ वर्ष पूरा गरी २५ औ वर्षमा प्रवेश गरेको छ ।

विधालयले २५ औ वर्षगाँठको अवसरमा विधालयले संस्थापक अध्यक्ष तथा समाजसेवी महेश चौधरीको अध्यक्षता र शिक्षा विकास तथा समन्वय इकाई प्रमुख शशि कुमार यादवको प्रमुख आतिथ्यमा बुधबार आफ्नो रजत जयन्ती केक काटेर रजत जयन्ती केक काट्र मनाएका छन् । कार्यक्रममा शिक्षा, राजनीतिक, सामाजिक, पत्रकारिता, संचार तथा मनोरंजन, साहित्य लगायत एपोलो ॐ माध्यमिक विधालय लाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा



सहयोग गरी अतुलनीय योगदान पुऱ्याई रहेका व्यक्तित्वहरूलाई खादा र मायाको चिनोले संस्थापक अध्यक्ष चौधरीले सम्मान गरेका थिए ।

कार्यक्रमको विशिस्ट अतिथि तथा अतिथिहरूमा पुर्व जिल्ला अधिकारि राम अधिन यादव, जेएस मुरारका बहुमुखी क्याम्पसका प्रमुख तुलसी राम पोखरेल, प्रध्यापक डाक्टर अनिल झा, प्राविधिक शिक्षालयका सहायक प्रमुख धनुज यादव , प्याब्सन जिल्ला अध्यक्ष लालबाबु राय ,साहित्यकार अर्जुन प्रसाद गुप्ता दर्दिला, प्यारागन स्कुलका प्रमुख उमेश चौधरी ,शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका प्रवन्ध निर्देशक

बाँकी २ पेजमा

छिटो भनेकै WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
30 Mbps 25 Mbps Rs. 1,250* PER MONTH
60 Mbps Rs. 2,700 Rs. 2,200* PER MONTH
FREE
Enjoy 100+ HD Channels
& 150+ SD Channels FREE with WorldLink
*Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# प्रधानमन्त्री ओली रोएकै हुन् कि चिसो लाग्यो ?



प्रधानमन्त्री केपी शर्मा ओली कठोर एवं दह्रो मुटु भएका राजनीतिज्ञ मानिन्छन् । तर, शुक्रबार नारायणहिटी अगाडि आयोजना गरिएको आमसभामा बोल्दै गर्दा ओलीले मञ्चबाटै आँशु पुछे ।

प्रधानमन्त्रीका प्रेस सल्लाकार सूर्य थापाका अनुसार जनसागर देखेर भावुक बनेपछि प्रधानमन्त्रीले आँशु खसालेका हुन् ।

तर, स्वयं ओलीले चाहिँ 'चिसोले गर्दा आँशु आएको' बताएका छन् ।

## प्रदेश २...

काउन्सिलका अध्यक्षमा शिवहरि भट्टराई र चलचित्र विकास बोर्डका अध्यक्षमा धर्मेन्द्र मरबैतालाई नियुक्त गरेको भूमि, व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साहले जानकारी दिए । यादव र भट्टराई सप्तरी जिल्लामा रहेर पत्रकारिता गर्दै आएका थिए भने मोरबैता सिरहा माडर निवासी हुन् ।

## एपोलो ...

फिरोज शेख लगायत विद्यार्थी, अभिभावकहरूको उपस्थिति रहेको थियो।

वार्षिक उत्सव समारोहमा शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि ,विशिस्ट अतिथि तथा अतिथिहरूले " एपोलो ॐ माध्यमिक विधालय २४ औ वसन्त पूरा गरी २५ औ वसन्तमा पुग्दै शिक्षाको क्षेत्रमा निकै फडको मार्न सफल भएको बताएका छन्। ५० जना विद्यार्थी तथा ५ जना शिक्षक बाट सुरूवात गरेको यस विधालयमा अहिले ६०० भन्दा बढी विधार्थीहरूको संख्या पुग्नु आफैमा सराहनीय रहेको बताउदै यस विधालयले लहान क्षेत्रमा गुणस्तरीय शिक्षा दिन सफल भएकोमा बधाई तथा शुभकामना व्यक्त गरेका छन्। निजी विधालयहरूले गरेको प्रगतिवाट सिकेर सामूदायिक विधालयहरूले पनि आफनो सुधार गर्न लाग्नुपर्छ , निजी र सामूदायिक विद्यालयहरू मिलेर गुणस्तरीय शैक्षिक बातावरण तयार गर्न लाग्नुपर्छ , यस भेगका विद्यालयहरूको लागि प्रेरणाको श्रोत बन्दै गैरहेको एपोलो स्कुल सहित प्याब्सन र एन प्याब्सनमा आवध विद्यालयहरू एक जुट भई शिक्षा क्षेत्रमा भइरहेको भ्रष्टाचार तथा लुट तनत्रलाई नियन्त्रण गरि शिक्षाको स्तर उन्नतिमा लाग्नुपर्ने कुरामा वक्ताहरूले जोड दिएका छन्।

अभिभावक , प्रधानाध्यापक , नागरिक समाज , शिक्षा प्रेमीहरूको सामूहिक प्रयासवाट लहान नगरपालिकामा शैक्षिक सुधारको बातावरण बनाउन आवश्यकता देखिएकोले ू यस विद्यालयले निजी तथा सामूदायिक विद्यालयहरूको अगुवा भएर लहानको समग्र शिक्षा क्षेत्रलाई अगाडि वढाउन नेतृत्वदायी भूमिका खेल्नु पर्ने र निजी विद्यालयहरूले भोगिरहेको समस्या समाधानको लागि पनि उचित कदम चाल्नु पर्ने सल्लाह सुझाव सहित शुभकामना मन्तव्य राखेका थिए। २०५३ सालमा स्थापना भएको यस विधालयले रजत जयन्तिको शुभ अवसरमा विभिन्न संस्कृतिक कार्यक्रमका साथै विभिन्न विधामा उत्कृष्ट भएका विधार्थीहरूलाई अतिथिको हात बाट शिल्ड तथा मेडल समेत प्रदान गरिएको थियो। कार्यक्रमको प्रत्यक्ष प्रशारण रेडियो सरगम बाट गरिएको थियो।

# मैथिली कथा आ कथाकारक मनोदशा

दिनेश यादव

**१. विषय प्रवेश :**

नेपालीय मैथिली भाषी क्षेत्रमे बहुत बेसी कथाकार वा साहित्यकारसभ नइ छैथ । सीमित लोक, मुदा चुनल-गांथल मात्र छैथ । अइ क्षेत्रक एकटा दुर्भाग्य थिक जे साहित्यिक सिर्जना, ग्रन्थ, पोथी वा पुस्तक बड मुस्किलसं भेटैत अइछ । जौ किनको पढवा हुए त लाईब्रेरी जाऊ वा किनको सं फोटोकपी मागि लेब मात्र विकल्प अइछ । जौ इस्कुलमे पढाई होमेवाला पाठ्यपुस्तकके फोटोकपी करबैय पडैत छै त आन पोथीके गप्पे छोइड दियौन् । अप्पन जेबीसं पुस्तक प्रकाशन कएनिहार लोकैन बड कम भेटैत छैथ, ओतबे जतेक आंगुर पर गिन्ति कए सकैत छी । अइ कोटिक लोक जेसभ छैथ 'अपिसियल कपी' वा अपन प्रचारक दृष्टिसं मात्र पुस्तक प्रकाशन करैत छैथ । हा, अइमे अपवाद सेहो भेटत । काठमाण्डूसं मैथिली पुस्तक प्रकाशन करैवाला एकगोटा प्रेसक मालिकके कथनानुसार सौ कापीसं बेसी पोथी छपाबैयमे लेखकसभ हिच्किचाइत छैथ । कारण मैथिलीक पोथीक विक्री छइहे नइ, पाठकों बड कम छैन । तें मात्र गिन्तिक लेल किछु गोटा मैथिलीमे पुस्तक निकाइल रहल छैथ । पाठकजनसं ओकरा कूनू लेनाई-देनाई नई छइ । एहो एकटा कारणसं मैथिली पोथीसभ हरही-सुरही सभ ठाम नई भेटैत छइ । मैथिली भाषी क्षेत्रक लोकके एकटा परम्परा आ संस्कृति बैन चुकल अइछ -पढहब कम, मुदा देखब, सुनब आ बाजब बेसी । ओना पढबाकलेल पोथी सर्वसुलभ रहत तब ने पढहब । नेपालक दोसर भाषा थिक मैथिली । मुदा अइ भाषाक पोथीसभ दिबिया जराके खोजबाक अवस्था अइछ । एहिसं पैघ विडम्बना अउर कि भए सकैत अइछ ?

**२. कथाकार आ कथा संग्रह:**


अइ बेरक अनुसन्धानक यात्रा मैथिली कथा अइछ । तीनटा विषय :मैथिली कथा, कथाकार आ कथा संग्रह मूल अइछ । मुद्दा दुर्भाग्य कहि जे जई रूपेण विस्तृत अध्ययन होमाक चाहि से नइ भेल अइछ , अधुरा आ अधखिच्चि रहै गेल अइछ । कारण कथा, कथाकार आ कथासंग्रहक सूच्चीक आधिकारिक जानकारी कतौह नई छई । जे छई, अधुरा आ अपुरा एवं पुष्टि हेमेवाला नइ छैक । तें जानकारी जुटाबैयमे बड परेशानीक अनुभूति होइत अइछ । खोजीके क्रममे सूची किछू लम्बा भेटल अइछ । मुदा निष्कर्षधरि पहुंचैत-पहुंचैत ओ अप्पन आकारके छोटियाबैत-छोटियाबैत बड सीमित भेल पुष्टि होइत छैक । पहिने कथा आ कथाकारक संग्रह मुश्किल, बादमे घसे-घरे जाकें पेथी खोजबाक वाध्यता छइ । अध्ययन आ अनुशन्धानके क्रममे इ तित अनुभव कियो कए सकैत अइछ । अई आलेखमे विशेषतः चाइरटा सामग्रीके विषयवस्तु बनाओल गेल अइछ : मैथिली कथाकारक दूटा कथा संग्रह आ मैथिली भाषीक दूटा नेपालीमे लिखल कथा (अनुवाद वा मौलिकपर अनभिज्ञ ?) । अइमे एकटा थपल विषय वस्तु अइछ, ब्राहमणेत्तर मैथिली कथाकार । एकरा सेहो एतह अध्ययनक सामग्री बनाओल गेल छैक । कथाकारक सूचीमे डा.धीरेन्द्रक तीनटा कथा संग्रह-'कुहेस आ किरण' (१९८२), 'पझाइत घूरक आगि' (१९८४), 'शतपा आ मनु' (१९८४) आ रामभरोस कापडि 'भ्रमर'क तीनटा कथासंग्रह 'तोरा सड़े जएवौ रे कुजवा' (१९८७), हुगली उपर बहैत गङ्गा' (२००९) एवं 'एन्टिवायस'(२०१९) समावेश कएल गेल । तहिना, डा.रेवती रमण लालक 'माधव नहि अएलाह मधुपुरसं' (१९८८), डा. राजेन्द्र विमलक 'ई हमरे कथा थिक'(२००३), डा. सुरेन्द्र लाभक 'कथा यात्रा'(२००५) आ अयोध्यानाथ चौधरीक 'एकटा हेराएल सम्बोधन '(२००९), रमेश रंजन झाक 'फूलवा हरण' सेहो सूचीमे रहैक (मौन :२०७०) । मैथिली कथा संग्रह आ कथाकारक थप जानकारीक लेल तालिका देखूं । अहिमे सं किछुके मात्र अध्ययनक विषयवस्तु अइ आलेखमे बनाओल गेल अइछ ।

**३.दूटा पोथीक समीक्षा :**

कथा संग्रहके समीक्षाक लेल दूटा पोथीके समावेश कएल गेल अइछ । साहित्यकार एवं प्राज्ञ रामभरोस कापडि 'भ्रमर' के नवका कथा संग्रह 'एंटीवायरस' आ दोसर कथा संग्रह पूर्व प्राज्ञ रमेश रञ्जन झाक 'फुलवा हरण' के विषयवस्तुके समेटल गेल अइछ । ऐतह सभटा कथाक चर्चा नई कके प्रतिनिधि कथासभके शल्यक्रिया भेल अइछ ।

**३.१. साहित्यकार रामभरोस 'भ्रमर' के कथा 'एंटीवायरस' :**

भाषा, साहित्य, संस्कृति राष्ट्रके निधि होइछ । एकर उत्थानसं राष्ट्र उत्थानक झलकके अनुभूति होइछ (सुरेश हाचेकाली :२०७४) । समालोचनाक अर्थ सृर्जनाकृति ( काव्य, गद्यसहित) के उपर सिद्धान्तपरक सृजनशील पठन



होइछ । कियो स्वीकार करैक वा नइ करैक, मुदा इ एकटा सत्य थिक-शात्तिशाली समालोचकीय पद्धति स्थापित नइ होमेधरि सृजनात्मक लेखन आ पठन अपेक्षित उचाइ प्राप्त नइ कए सकैछ । एक दिसि हनुमान चालिसाक बिसैरजाइवाला स्तुतिगान आ दोसर दिसि अन्यायोचित क्षुद्र वाणीसं भरल निन्दापरक दुनू धारसं नेपाली साहित्यिक (ऐऐ) मे आन मातृभाषा (मैथिलीसहित) समालोचना मुक्तिक चाहना रखने अइछ । मैथिली साहित्यिक समालोचनामे त भावुकतामय स्तुति आ आवेशमय निन्दाक प्रवृति बेसी भेटैक छइ । मैथिलीमे सभसं पैघ दुर्भाग्य एहा छै । एक त कम साहित्यिक पोथीक प्रकाशन, ओहूमे सहि समालोचनाक अभावमे मैथिली पद्य आ गद्यसहितके आख्यान हक्कन कानि रहल अइछ । मैथिली साहित्य मुलतः जीवनीपरक, प्रभावपरक, विवरणात्मक आ सूत्रपरक प्राध्यापकीय शैलीके हतोत्साहित करैत आगा बढबाक आवश्यकता संगैह सिद्धान्तपरक समालोचनाक अपरिहार्यता आब भए चुकल अइछ । मिसले फुकोक संकथनक सिद्धान्त अनुसार राज्यव्यवस्था आ समाजव्यवस्था विभिन्न पात्रसभके वशिभूत बनाके कोनाक किछू गोटा अपन साम्राज्य मैथिली साहित्यमे कायम कएने छइ, तक्कर तित अनुभव ई स्तम्भकार सेहो कएने अइछ । एकरा तोडबाक अनिवार्य अइछ । वरिष्ठ साहित्यकार रामभरोस कापडि 'भ्रमर' के कथा संग्रह 'एंटीवायरस' मे सीमान्तकृत, किनाराकृत, अपहेलित, शोषित, अभिसप्त, सबाल्टर्न, मुहदूबरा आ सुधा लोकैनके विषयवस्तु भेटैछ । ई भ्रमरके तिसरका कथासंग अइछ । नेपालीय मैथिली भाषी क्षेत्रमे सभसं बेसी पेथी निकालैवाला व्यक्तित्व ओहे छैथ । एक संवादमे ओ कहने छलाह, 'सडचालिसटासं बेसी पोथी प्रकाशित अइछ ।' ओहिमेसं 'एंटीवायरस' एकगोटा अइछ । मैथिलीमे राज्यद्वारा पेलैवाला प्रवृति अखनो अइछे । भ्रमरक साहित्यमे ओइ प्रवृतिके फराक शैलीले विरोध भाव देखल जाइछ । ताहिना मैथिलीक किछु लेखकक सामन्ती संस्कारवाला प्रतिनिधि पात्र आ शैली हुनकर लेखनीमे कम भेटैछ । एकर पुष्टि डा. मेघन प्रसादक 'मैथिली कथा-कोष' सेहो करैत अइछ । मैथिली भाषाक कथासभमे सामन्तवाद आ ग्रामीण मुखियावादक अवशेषसभ अखनो देखमामे अबैते अइछ । आब अइ तरहे मानसिकताक विरोध सेहो होमे लागल अइछ । 'एंटीवायरस' अइ आलोकमे नया स्वादसहित एकटा प्रतिनिधिमूलक उदाहरण भए सकैत अइछ । अइ पोथीक कथासभमे एकटा कथाकारक मार्मिकता आ हार्दिकता स्पष्ट रूपसं अनुभव होइछ । अध्ययनक क्रममे मिथिलाक बहुत कथाकारक प्रस्तुति हेतुवाद (रेसनलिज्म) आ व्यक्तिगत बहुलठपन (इन्डिभिजूए इंस्यानिटी) देखमामे अबैत अइछ । ओकरा तोडबामे 'एंटीवायरस' सफल भेल बुझाइछ । अई कथा संग्रहकक नाममे लिखल गेल 'एंटीवायरस' मे घरनीसं पीडित पतिक पीडा आ बेदनाके मार्मिक ढंगसं प्रस्तुत कएल गेलछ । कथामे काम करैवाला लोक नइ राखब, राखबो करब त शंका-उपशंका करब, अपनेसं कएलापर समय बहुत खर्च कएनिहार महिला पात्रक चरित्र गजब शैलीमे उजागर कएल गेलछ । भान्साघरक आबाज आ कम्प्युटरपर बैसैयवाला पतिके घरनीक रोषसं थकान मेटेबाक प्रयासमे अपन पीडाक डिलिट करैत अपने धूनमे मग्न रहैक बात बेजोड रूपसं आएलछ । कथा पढैवालाके थकान सेहो दूर होमाक सुखानूभूति भए सकैतछ । अई पोथीक दोसर कथाक विषय 'आइ.सि.यू.' के बनाओल गेलछ । अइमे एकगोटा बिमार लोकसं भेट करैक लेल पहुंचयवाला आफन्तजन आ नर्सबीचके संवादमे रोचकता अइछ । लेखक बिमार भैयाप्रतिक अनुजक छटपटाहट कून तरहे होइत छैक, तकरा अदूभूत बड्ड मार्मिक शैलीमे चित्रण कएने छैथ, कथामे । बुझाइछ, घटना अपने आइख आगा भए रहलैए । पाठकके स्तब्ध आ

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- राजनैतिक कार्यमा बाधा आउने र स्वास्थ्यमा समस्या आउन सक्छ । फलदायी यात्रा पनि नहोला, तर अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**वृष** :- आज अधुरो काम पूरा होला । पारिवारिक सुखले प्रफुल्लित भइनेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । कृषि कार्य पनि राम्ररी अघि बढ्नेछ ।

**मिथुन**:- आज मंगल कार्यको योग छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आर्थिक क्षेत्र राम्रै रहला । आतिथ्यपूर्ण सम्मान पाइएला ।

**कर्कट** :- दाम्पत्य जीवन सुखमय हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ, तर यात्रामा सावधानी अपनाउनु पर्नेछ र तर्क, विवाद र प्रतिस्पर्धाबाट लाभ हुने छैन ।

**सिंह**:- धार्मिक कार्य सफल नै रहनेछ । प्रेम सम्बन्ध कसिलो होला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्ला ।

**कन्या** :- काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**तुला** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउला । बौद्धिक काममा सफलता मिल्ने र मन प्रसन्न रहनेछ । लाभदायक यात्रा पनि हुनेछ ।

**वृश्चिक** :- शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । सामाजिक कार्यमा सफलता मिल्नेछ । विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**धनु** :- अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । महत्वपूर्ण अवसर गुम्न सक्छ । सामान हराउने योग छ, तर विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**मकर**:- आज आँटेको र ताकेको कार्य पुरा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- आज नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । अचल सम्पत्ति हात पर्ला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

**मिन** :- आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

# लहानका 'नेता'हरुमा सन्देशमूलक 'कोसेली'

## सरोकार

**अम्बराज मिश्र**

हाम्रो लहान गाउँ पञ्चायतबाट २०३२ सालमा नगर पञ्चायतमा तत्कालीन प्रधानमन्त्री तथा बस्तीपुर गाउँका स्थानीयवासी तुलसी गिरिले स्थापित गरी आफ्नो ठाउँलाई उच्च स्थान दिएको देखिन्छ ।

यस नगरलाई मायाँ गर्नुपर्ने र जिम्मेवारी लिनेहरुमा बेला बेलामा नगरको नेतृत्व पद सम्हाल्नेहरू र साथ दिनेहरूमा पञ्चायतकाल देखि आज गणतन्त्रसम्म आईपुग्दा विभिन्न दल र व्यक्तित्वहरूमा गिरि परिवार लगायत चौधरी परिवार, महतो ( सुँडी) परिवार, मारवाडी समुदाय एवं पहाडीया समुदाय तथा गुप्ता समुदाय साथै महतो (कोईरी) परिवारहरूको प्रमुख दायित्व रहेको देखिन्छ । नगरको विकास निर्माणमा अग्रणी भुमिकामा रहन गाउँ पञ्चायत प्रधानपन्च देखि नगर प्रमुखहरूमा क्रमश : रामलोचन महतो, लगनलाल चौधरी, प्रकाश केसी, मुन्नि साह सुँडी लगायतले लहान नगरलाई सञ्चालन गर्ने अबसर प्राप्त भएको पाईन्छ । यसरी नै हाम्रो लहान नगरीलाई सिँगार्न पारिवारिक वा सामुदायिक हिसाबले लहान ग्रामीण विकास परियोजना, राम कुमार उमा प्रसाद मुरारका अस्पताल, सगरमाथा चौधरी आँखा अस्पताल, जे एस मुरारका बहुमुखि क्याम्पस जस्ता जनताका विकास, स्वास्थ, शिक्षाको पहुँच पुग्याउने ध्येय बोकेका उपल्लो सोचका धनीहरू रामलोचन महतो, छबिललाल चौधरी, सरोबरलाल चौधरी, रबिन्द्रलाल चौधरी, परमेश्वर मुरारका जस्ता मनका धनीहरू मध्ये रबिन्द्रलाल चौधरी बाहेक सबै आज यस सहर हामीलाई जिम्मामा छाडेर स्वर्गानन्दमा लिन हुनु भएको छ । उहाँहरू सबैमा कोटी कोटी हार्दिक प्रणाम ! लहानको विकास गर्ने क्रममा सहर भित्रको सडकहरू, पुल पुलेसाहरू, खाने पानी ट्यांकी निर्माण, हाट बजार व्यवस्था, वारूणयन्त्र खरिद जस्ता जनताको आवश्यक्तामा पर्ने समुचित व्यवस्था मिलाउने अग्रजहरूमा सहरवासीहरू नतमस्तक नै छौ । व्यक्तिगत व्यसाय बिस्तार गर्ने र समाजलाई पनि स्तर उन्नती गर्दै जाने खालका विकासहरू जस्तै : दुलिचन्द अतिथि सदन, मारवाडी सेवा सदन, रौनियार सेवा सदन, गोपाल सेवा समिति, सिनेमा हलहरू यस सहरमा आज पनि स्थापित छन र अतिथि गणमा सहजता देखिन्छ ।

त्यसरी नै सहरमा अतिथिहरूकै सेवार्थ तथा व्यसाय बिस्तार एवं सहरको स्तरउन्नतीमा सहयोग पुग्ने विशेष होटलहरू जस्तैः होटल विशाल, गोधुली होटल, शेर्पा होटल, सपना लज, दरबार होटल, सिम्रिक होटल, मारूती होटलहरू आज पनि लहान नगरको शोभायमान भएर सिगाँरको रूपमा स्थापित छन ।

त्यसरी नै शिक्षा क्षेत्रको विकासको लागी सरकारी तवरमा पशुपति उच्च मावि, ललकु मावि, आधरभूत विद्यालयहरू, जे एस मुरारका बहुमुखि क्याम्पस एवं व्यवसायिक शिक्षा विकासको लागि निजी क्यामपस तथा विद्यालयहरूमा जस्तै : कन्भेण्ट बोर्डिङ्ग स्कुल, शारदा ईङ्गलिश बोर्डिङ्ग स्कुल, लहान मेरि चिल्ड्रेन बोर्डिङ्ग स्कुल, एभरेष्ट स्कुल तथा सफ्टेक क्याम्पस, एपोलो उच्च विधालय, मनकामना स्कुल, मदरल्याण्ड स्कुल, दिव्य ज्योती पाठशाला, एल एम सि क्याम्पसहरू आदि आदि लगायत स्वास्थ्य सम्बन्धि शिक्षाको लागी सगरमाथा, जानकी, सप्तऋषि, योगेन्द्र ठाकुर कलेज लगायत झण्डै ५०-६० स्कुल क्याम्पसहरू स्थापित छन ।

यी क्याम्पस र स्कुल र तिनका संस्थापक एवं प्रमुखहरूको निगरानीमा शिक्षालाई कुन हद सम्मको हाम्रा विद्यार्थीहरूले शिक्षा आर्जन गर्न पाए ? त्यसको अनुगमन र निरीक्षण कसले र कसरी गरिरहेका छन ? हाम्रो सहरको शिक्षा स्तर कुन उचाईमा पुर्याउनु पर्नेमा कहाँ सम्म पुगेको छ ? हाम्रो खोजको बिषय हुन जरूरी छ । वित्तिय कारोबारमा सहरवासीलाई सहजताको लागि सरकारी बैकहरूमा कृषि विकास बैक लिमिटेड, नेपाल बैक लिमिटेड, राष्ट्रिय बाणिज्य बैक तथा प्राईभेट बैकहरू लगभग २०-२५ वटाले सहरमा आफ्नो सेवा दिई रहेको देखिन्छ ।

सहरवासीहरूले ती वित्तिय सँस्थाबाट कुन कुन किसिमको सेवाहरू पाए र उधोग धन्दा सञ्चालित भए ? त्यस्को समुचित व्यवस्थापन कसले र कसरी अनुगमन गरिरहेको हुनु पर्ने हो ? सरकारका सेवामुखी कार्यालयहरू



प्रायःजसो सबै भए पनि सेवाको प्रकार अनुसार कार्यालयहरू स्थापना पनि हुनु पर्ने हुन्छ । लहान नगरीले अझ गर्न सक्नु पर्ने विकास र जनसेवा तथा विभिन्न व्यवस्थापन गर्न पदमा आसिन र दलको नेतृत्व गर्नेहरूको भूमिकाको अभाव भएकै कारण आजसम्म लहान नगरवासीहरूले सुविधाबाट बञ्चित रहनु परेको महशुस गरिएको छ ।

(१) मुख्य सडक (हाईवे) मा दुवै किनारामा नगर क्षेत्रभरी विशेष खालका बिरूवा वृक्षारोपण गरिनु पर्दथ्यो ।
(२) नगर प्रवेशद्वार बनाईनु पर्दथ्यो ।
(३) मुख्य सडक (हाईवे) मा जनघनत्व वृद्धिको अवस्थालाई मध्यनजर गरेर आकाशे पुल बनाईनु पर्दथ्यो ।
(४) नगर बस परिक्रमा सञ्चालनमा ल्याईनु पर्दथ्यो ।
(५) सहर सफा राखी पर्यावरणिय प्रदुषणबाट मुक्त गराईएको हुनुपर्दथ्यो ।
(६) ध्वनी प्रदुषणले आत्रान्त समाजलाई मुक्त गराउन सक्नु पर्दथ्यो ।
(७) सवारी साधनहरूको सु-व्यवस्थित पार्किङ्ग व्यवस्था मिलाई सहरलाई व्यवस्थित गर्न सक्नु पर्दथ्यो ।
(८) यत्रतत्र राखिने निर्माण सामग्रीहरूको ठोस व्यवस्थापन नीति बनाईनु पर्दथ्यो ।
(९) मनोरन्जनको लागि चिडियाखाना, स्विमिङ्ग पुल, कवर्ड हल, पार्क स्पर्टहरू, वनभोज, भ्यु टावरहरू बनाईएको हुनु पर्दथ्यो ।
(१०) स्वास्थ्य उपचारको लागि राजधानी तथा अन्य स्थान जानुपर्ने झन्झटिलो र खर्चिलो अवस्थालाई ख्याल राखी अस्पतालहरू बनाई डाक्टरहरूको प्रबन्ध मिलाईनु पर्दथ्यो ।
(११) हवाईजहाजबाट यात्रा गर्न एयरपोर्ट बनाईएको हुनुपर्दथ्यो ।
(१२) उच्च शिक्षा अध्ययनको लागि बाहिर जान नपर्ने खालको व्यवस्था मिलाईनु पर्दथ्यो ।
(१३) हाट बजार, वृक्षारोपण, सडक पेटी, प्रतिक्षालयहरू बनाई सकिएको हुनुपर्दथ्यो ।
(१४) सुरक्षा प्रबन्धको लागि सहरको चौतर्फि हिसाबले सिसि क्यामरा जडान गरी निगरानी गराउनु पर्दथ्यो ।
(१५) हरेक वर्ष नै आगलागी, खोला बाढी पहिरो, भूकम्प, महामारी जस्ता कार्यको न्युनिकरण वा नियन्त्रण तथा राहत बितरणमा मात्र खर्च हुने गरी विपद व्यवस्थापन कोष खडा गरी नगरको वार्षिक बजेटको १० प्रतिशतले हुने रकम अनिवार्य सञ्चित गर्ने योजनामा राख्नु पर्ने थियो ।
(१६) अन्य सहरमा भए झै व्यापारी दृष्टिकोणले भाटभटेनी, विभिन्न डिपार्टमेण्टहरू खोल्न प्रेरित गरी जनतालाई सहज गराईनु पर्दथ्यो ।
(१७)सँधै सधै स्वास्थ्य उपचारमा खेलवाड हुन नदिन र कालाबजारीहरू रोक्न तथा विशेष सर्वदलीय कमिटि मार्फत अनुगमन निरीक्षण व्यवस्था मिलाउन सक्नुपर्दथ्यो ।

यी कार्यहरू कुनै एक दल वा नगरका पदाधिकारीहरूबाट मात्र गर्न असम्भव हुने भएकोले नगरमा पदासिन लगायत दलका नेताहरूले हातमा हात मिलाएर जान सक्नु पर्दथ्यो । विकासे योजनाहरूमा हातमा हात मिलाई नगरलाई अन्य सहर सरह लैजानु हामी नगरवासीहरूको पनि कर्तब्य बोध हुन जरूरी थियो ।

सो हुन नसकेको र कुनै दल वा नेताको भूमिका पनि नभएकै हो कि ? भन्ने उदासिनता देखिएको छ, दल स्वार्थ त्यागेर सबै पार्टीका नगर कमिटी तथा क्षेत्रीय कमिटीका पदाधिकारीहरूले सँयुक्त रूपमा पहल गर्न सबैमा सुझाव सरह यो सन्देश पस्कनु परेको छ । धन्यवाद !

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान- | ७०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# आमा बनेपछिको पाँच फरक अनुभव



आमा बन्नु जीवनकै सबैभन्दा सुन्दर अनुभूती हो । मातृत्वपछि तपाईंको जिन्दगी सधैका लागि पूर्ण रूपमा बद्लिन्छ । यो परिवर्तन पनि आफैमा प्रिय हुन्छ । यद्यपि कतिपय कुराले भने तपाईंलाई असहज पनि बनाउँछ ।

त्यसो त गर्भावस्थामा छँदै परिवार, आफन्त, इष्टमित्र, साथीभाईले तपाईंलाई आ–आफ्नो अनुभव र बुझाई साझेदार गर्छन् । गर्भावस्थामा के हुन्छ, प्रसूती व्यथा कस्तो हुन्छ, बच्चा जन्माइसकेपछिको अवस्था कस्तो हुन्छ भनेर बेलिबिस्तार लगाइसकेका हुन्छन् । यद्यपि जब तपाई आमा बन्नुहुन्छ, तब केही यस्ता अनुभव गर्नुहुन्छ जुन कसैले बताएका वा सुनाएका हुँदैनन् । त्यस्ता कुरा तपाई स्वयम्ले भोग्नुहुनेछ र आमा बन्नुको फरक अनुभव लिनुहुनेछ ।

**पहिलो कुरा : आमा बन्ने अनुभव हरेकको फरक हुन्छ**

गर्भावस्था, प्रसूति सबैको एकनास हुँदैन । यसमा सबैको आ–आफ्नै अनुभव हुन्छ । प्रसव पीडा कस्तो हुन्छ भन्ने कुरा अरूले जसरी सुनाउँछन्, तपाईंको अनुभव त्यो भन्दा फरक हुनसक्छ । किनभने सबैको शारीरिक अवस्था एकै हुँदैन । समय, स्थान, उपलब्ध सेवा सुविधाले पनि यसमा फरक पार्छ ।

**दोस्रो कुरा : घर सरसफाई राख्ने र सजाउने कुरामा ध्यान**

जब नवजात शिशुलाई घरमा भित्र्याइन्छ, उनीहरूको शारीरिक सरसफाईप्रति तपाईं बढी नै जागरूक र सचेत रहनुहुन्छ । यसर्थ शिशुको लागि पनि तपाईंले घरको सरसफाईमा विशेष ख्याल राख्नुहुन्छ । त्यसैगरी घरलाई तपाईंले त्यसरी नै सजाउनु र व्यवस्थित गर्नुहुन्छ, जुन तपाईंको शिशुको लागि अनुकुल हुन्छ । शिशुको खेलौना वा उनीहरूलाई मनपर्ने कुराले तपाईंको घर–कोठा सु–सज्जित हुनेछ ।

**तेस्रो कुरा : स्तनपान त्यती सजिलो हुन्न, जति भनिन्छ**

सामान्यत आमा बनेपनि स्तनपान गराउन जरूरी हुन्छ । शिशुको सम्पूर्ण आहार नै आमाको दुध हो । यो सामान्यज्ञान सबैमा हुने नै भयो । तर, शिशुलाई स्तनपान गराउनु जति सहज सोचिएको हुन्छ, उति सजिलो भने नहुन सक्छ । कतिपयको राम्ररी दुध आउँदैन । निप्पलको कारण पनि कतिपय शिशुले स्तनपान गर्न सक्दैनन् । स्तनपानमा अभ्यस्त गराउन र पुग्दो हिसाबले स्तनपान गराउनु गाह्रो हुन्छ ।

**चौथो कुरा : दिक्क लाग्नसक्छ**

घरमा नयाँ सदस्य भित्रिएपछि सबैजना खुसी हुन्छन् । शिशुलाई बोक्ने, खेलाउने रहर गर्छन् । आफन्त, इष्टमित्रहरू हेर्न आउँछन् । यद्यपि सुरूवाती दिनमा शिशुलाई हुर्काइरहँदा आमाबुवालाई दिक्क पनि लाग्नसक्छ । राती आनन्दपूर्वक सुत्न पाइदैन । दिसा–पिसाब गरिरहन्छन् । सामान्य पीडा भएमा पनि रून्छन् । शिशु के कारणले रोएका हुन् ? थाहा हुँदैन । फकाई–फुल्याई सुताउनुपर्छ । आमा र बुवा दुबैले सम्पूर्ण समय शिशुको लागि दिनुपर्ने हुन्छ । यस्तो अवस्थामा तपाईंलाई केही दिक्क पनि लाग्नसक्छ ।

**पाँचौ कुरा : अब करियर के हुन्छ ?**

आमा बन्नुअघि तपाई कुनै उद्योग व्यवसायमा आवद्ध हुनुहुन्थ्यो होला । कुनै कार्यलयमा काम गर्नुहुन्थ्यो होला । केही न केही गर्नुहुन्थ्यो होला । आमा बनिसकेपछि लामो समय विश्राम लिनुपर्ने हुन्छ । त्यसपछिको अवस्थामा पनि बच्चालाई हुर्काउने, बढाउने गर्नुपर्छ । यस्तो अवस्थामा पूर्ववत् काम–व्यवहारमा फर्कन सकिन्छ कि सकिदैन ? निश्चित हुँदैन ।

## मैथिली ...

आतूर बनेबाक सामग्री अइमे पसरल–पडल अइछ । मुदा कथामे एकैहबेर आबैयवाला पात्रसभ 'लखना', 'नारायणजी'–कथाक अ–रसगर बना दैत छैक । संक्षेपमे अइ तरहे पात्रक परिचय खडकैत अइछ । कथाकार कियैक ओकरासभहक परिचय खोजबाक जिम्मा पाठकके देने छैथ ? ई पाठकक लेल अन्याय भेल अइछ । जे जेना, अइ कथामे बिमार पात्रके विगत परिछाबैत कथाकार अपन शालिनता जइ तरहे चित्रण कएने छैथ, ओ खूद भावुक त बनले छैथ, पाठकके सेहो भावुक बना दैत छैथ । कथाकार अपन भैयाक विगत सम्झैत भावविह्ल होइछ आ आईसियूसं निकैलके हरियर गाउन कांटीमे टाङ्लाक बाद हलका महशुस कएल गेल भाव प्रकट कएने छैथ । अन्त्यमे पहुंचैत–पहुंचैत 'मोन कतेक हल्लुक होइत अइछ, चेम्बरसं बहरा जाइत छी' वाक्य कथाकारक कृर्तिम भाव प्रकट भेल महशुस होइछ । ओतेह आइसियुसं निकललाक बाद भावुक वा मोन भारी होमाक भाव एमाक चाहि । 'अमृत पान' कथा मौलिक अइछ , प्रस्तुति अद्वितीय । अई कथामे बेटीके 'पटनावाली' कहल गेल अइछ । अइ प्रस्तुतिमे रोचकतासंगै पाठकके जिज्ञासु बनेबाक प्रयास भेल अइछ । अईसं पुरे कथा पढबाक चाहना होइछ । अई तरहे प्रस्तुति कथाक 'गुरूत्वाकर्षण' बढा दैत छै । मुदा कथा समुचा पढलाक बादो 'पटनावाली' बेटीक नाम नई भेटैक छै, नाम देलासं कथाका प्रसांगिकता अउर बैढ जाइछ । अईमे मधेस आन्दोलनक बात सेहो पडल अइछ । बन्दीक कारण मैथिली संस्कृति आ परम्परागत पर्व तिलासंक्रान्तीमे पडल प्रभावपर निक शैलीमे पढबामे मिलैत छै । बेटीके संक्रान्तिमे चुरा, तिल, मुरहीक लाय नइ पहुंचा सकल विषय जन–जनके हियाके हिला दैवाला छैक । कथामे मधेस आन्दोलनक चर्च होइते कथाकार बेसी भावुक बनल अनुभव होइछ । अइसं विषयान्तर भेल महशुस सेहो होइछ । चायवाला आ ग्राहकके संवादसंगैह मैथिली संस्कृतिसं जुडल विषय कथामे प्राण भइर दैछ । शुरूमे तिला संक्रान्तिमे तिल–गुड खेबाक संस्कृतिके कोनाक बढैत सहरीकरणसं अतिक्रमित भए रहल अइछ, तक्कर शानदार प्रस्तुति अप्पन गुरूत्ववलके कायम रखमामे सफल अइछ, कथा । कथासंग्रहमे मौलिकताक स्वाद बेर–बेर चखबाक अवसर भेटैछ । पात्रसभहक चयन सेहो निक जकां कएल गेल अइछ । पोथीमे बीसटा कथा समेटल गेल अइछ । सभटा समयसान्दर्भिकतासं भरल–पुरल अइछ । पोथीमे समटल गेल कथासभ शीर्षक अनूकूल त अइछे, कथाक शब्द सीमाके सेहो निक जका पालना कएल गेल अइछ । 'द्वितीय श्रेणीक एकटा डिब्बा', 'क्वार्टन नं. एफ–तीन', 'पराकम्पन', 'परिवर्तन' ,'मुनियां टी स्टल', 'अन्न–धन लक्ष्मी', 'गंगाप्रसादक स्वायत्तता', 'प्रतीक्षामे', 'दहेज', 'उडान', 'आ आब होरी आबि गेलै', इजोरिया रातुक सपना', अन्ततः, 'भेलेन्टाइन डे आ गुलाब', 'मर्निग वाक', 'सीमापरक भूत' आ 'सपना' कालजयी कथावस्तुसभ अइछ ( भ्रमर :२०१९) । कहियो पुरान नई होमेवाला विषयवस्तुक उठान भ्रमर कथासंग्रहमे कएने छैथ । अइमे सं वैदेशिक रोजगारीक विकृतिपर लिखल 'अन्न–धन लक्ष्मी' समस्या आ समाधान दूनूके साथ परोसल गेल अइछ । कतेको साहित्यकारक कथासभ खासकके नवसिखुवासभ पाठकके सन्देश दइसं पहिने अपन लेखनीके गला दबा दैत छैथ । ओहूना समस्या आ समाधान संगसंगै एनाई कथाक विशेषता होइछ, एकरा निक पक्ष मानल गेल छइ । 'अन्न–धन–लक्ष्मी' एकर निक उदाहरण भए सकैत अइछ । अइ कथाक नेपाली अनुवाद कान्तिपुर दैनिकमे सेहो प्रकाशित भए चुकल अइछ । 'एंटीवायरस' मे फराक–फराक शीर्षकमे फराक–फराक स्वाद मिलैत अइछ । 'उडान' कथाक संवाद रोचक अइछ । जन–जनसं जुडल यथार्थपरक विषयवस्तु अई कथासंग्रहके प्राण थिक, बेर–बेर पढबाक लेल ककरो मोन ललाइत भए सकैत अइछ । भ्रमरक नूतन अइ कथासंग्रहक कमजोरी जे ई जनबोली नइ बैन सकल । संस्कृतिभाषा जका जन–जनके जिभसं उच्चारण करैमे कठीन होमवाला दरभंगिया आ मधुवनीक संभ्रान्त आ मानक मैथिलीक ( जे अखन निर्धारण नइ भेल अइछ) शैली प्रयोग कतहू–कतहू कएल गेल अइछ । भाषाक शैली जनजिभहक बोली आ सरल भाषिका होमेके चाहि, कथाकार अईमे चुइक गेलाह से अनुभव होइत अइछ । *बाँकी क्रमश : अर्को अंकमा*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६११६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)